# रौतामाई गाउँपालिका, पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७४

**पृष्ठभूमिः-**

देशको कूल ग्राहस्थ उत्पादनमा करीव एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष ४,५०,००० उत्पादनशिल युवाहरु बैदेशिक श्रम वजारमा प्रवेश हुने गरेका छन् । अर्को तर्फ वर्षेनी ठूलो परिमाणमा पशु तथा पशु जन्य पदार्थ आयत हुने गरेको छ । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वामा बृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन वढाउने उद्देश्यले पशु सेवा कार्यक्रम अन्तरगत  पशु उत्पादन ( डेरी, बाखा,बंगुर र पशु सेवा वजार प्रबर्द्धन ) कार्यक्रम सञ्चालनार्थ प्रतिस्पर्धि रुपमा अनुदान प्रवाह गर्न यस गाउालिकाले यस आ.व. २०७४/७५ देखि पशु सेवा कार्यक्रम  सञ्चालन गर्ने रणनीति वनाई कार्यक्रम स्वीकृत गरिएको छ  र साथै यो कार्यक्रमको प्रभावकारीतामा आधारमा आउदा वर्षहरुमा यस कार्यक्रमलाई समयानुकुल सुधार गर्दै लाने गरी यो निर्देशिका तयार गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्य विधिको नाम “ रौतामाई गाउपालिका,पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४” रहेको छ ।

(ख) यो कार्यविधि रौतामाई गाउपालिकावाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः- विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा -

क) “ पशु सेवा कार्यक्रम ” भन्नाले कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालीम तथा विऊ पूँजी सहितको व्यवसायीक पशु उत्पादन ( व्यवसायीक गाई/भैसी पालन, व्यवसायीक बंगुर पालन, वाखा पालन, पशु पंक्षी वजार प्रवर्द्धन ) कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

ख) “ युवा ” भन्नाले युवा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहाने १८ वर्ष देखि ५० वर्ष उमेर समूह भित्रका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ ।

ग) “ समूह/समिति” भन्नाले ५ देखि २४ जाना पशु पालन व्यवसायमा आवद्ध भै निर्माण भएको समूह /समितिलाई जनाउछ ।

घ)“ समिति” भन्नाले रौतामाई, आर्थिक विकास समितिको संयोजकत्वामा निर्माण भएको समितिलाई जनाउछ ।

ङ) “ स्कीम/परियोजना” भन्नाले पशु उत्पादन ( व्यवसायीक गाई/भैसीपालन , व्यवसायीक बंगुर पालन, बाखा पालन र पशु पंक्षी वजार प्रवर्द्धन ) कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्छ ।

च) " पशु विकास कार्यदल" भन्नाले गाउपालिकाभित्र पशु विकास सम्वन्धि कार्यक्रमहरुको पहिचान गरी कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका लागि तोकिए बमोजिमका पदाधिकारी रहने गरी गठन भएको कार्यदललाई जनाउछ ।

३) उद्देश्यः- यसकार्य विधिका उद्देश्यहरु देहाय बमोजिमका छन् :-

क) गाईपालन, भैसीपालन, बाखापालन, बंगुरपालन तथा पशु पंक्षी वजार प्रवर्द्धन सम्वन्धि व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारका लागि बिदेशीनेक्रम न्यूनिकरण गर्न सहयोग पुऱ्याउने ।

ग) पशु पन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आयत प्रतिस्थापन र निर्यात अभिवृद्धि गर्न ।

## परिच्छेद - २

४.पशु सेवा/युवा लक्षित पशु उत्पादन ( व्यवसायीक गाई भैसी पालन ) कार्यक्रमः-

युवा लक्षित पशु उत्पादन ( व्यवसायिक गाई भैसी पालन ) कार्यक्रम सञ्चालन प्रकृया देहाय वमोजिम हुनेछ :-

क) स्कीम अवधिः- यो कार्यक्रम रौतामाई गाउपालिकाले निर्णय गरे बमोजिमकोअवधिसम्म सञ्चालन हुने ।

ख) स्कीमका लागि स्थान छनौटका आधारहरु :-

व्यवसायीक गाई भैसी पालनका लागि सम्भाव्यव्यवसायीक गाई भैसी पालन भएका वा गर्न सकिने तराई क्षेत्र जहा कृत्रिम गर्भाधान र आहारा विकास कार्यक्रम अभियानका रुपमा लागु गर्न सकिने स्थानहरुमा सम्भाव्यताका आधारमा रौतामाई गाउपालिका, पशु सेवा शाखाले गाउपालिकाको प्राथमिकीकरणमा परेका स्थानहरुमा कार्यक्रम सञ्चालन गर्नेछ ।

ग) व्यवसायीक गाई/भैसी फार्मको वर्गिकरणः-

फर्मलाई ३ भागमा विभाजन गरिनेछ :-

१) साना व्यवसायीक गाई/भैसी फार्म :- यस कार्यक्रमका लागि ३ देखि १० वटा सम्म उन्नत दुधालु गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

२) मझौला स्तरका व्यवसायीक गाई/भैसी फार्म :- यस कार्यक्रमका लागि १० देखि २० वटा सम्म उन्नत दुधालु गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिनेछ ।

३) ठूला स्तरका व्यवसायीक गाई/भैसी फार्म :- यस कार्यक्रमका २० वटा भन्दा माथी उन्नत दुधालु गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

घ) कार्यक्रमका लागि उपलव्ध गराईने सहयोग :-

१) साना व्यवसायीक फार्म :-

उन्नत गाई/भैसी खरिद गरी वीमा गरिएका प्रति जनावर बढीमा रु. २०,०००।- ( वीस हजार ) का दरले बढीमा रु.२,००,०००।- दुई लाख सम्म अनुदान उपलव्ध गराईने छ ।

२) मझौला स्तरका व्यवसायीक गाई/भैसी फार्मका सुदृढिकरणका लागि तपशिलमा उल्लेखित कृयाकलापहरु कार्यान्वयन गर्न प्रति फार्म वढीमा रु. ३,००,०००।- (तीन लाख) सम्म अनुदान उपलव्ध गराईने छ ।

कृयाकलापहरुः-

फार्म सुदृढिकरण सम्वन्धित कार्यहरुः-

गोठ निर्माण सुधार तथा फार्म सूरक्षा ( बार बन्देज ) जैविक सूरक्षा आदि ।

पशु प्रजनन् , आहारा तथा अन्य व्यवस्थापकिय कार्य ( कृत्रिम गर्भाधान उपकरण, ग्राईन्डर, च्यापकटर, काउम्याट, मिल्क क्यान, ह्वील व्यारो आदि ।

अनुदान दिने आधारहरुः-

- ३ - ५ दुधालु गाई/भैसीमा अधिकतम रु १००००।-
- ५ - १० दुधालु गाई/भैसीमा अधिकतम रु २,००,०००।-
- ११ - २० दुधालु गाई/भैसीमा अधिकतम रु ३,००,०००।-

३) उन्नत दुधालु गाई/भैसी ३० भन्दा माथी व्यवसाय गरेका ठूला व्यवसायी गाई/भैसी पालन फार्महरुलाई यन्त्रीकरणका लागि तपशिलमा उल्लेखित मेसिनरी औजार खरिद गर्न प्रति फार्म बढीमा रु. ४,००,०००।- अनुदान उपलव्ध गराईनेछ ।

- ३१ - ५० दुधालु गाई/भैसीमा अधिकतम रु ४,२५,०००।-
- ५१ - ७५ दुधालु गाई/भैसीमा अधिकतम रु ६,५०,०००।-
- ७६ - १०० दुधालु गाई/भैसीमा अधिकतम रु १०,७५,०००।-
- १०० भन्दा माथी दुधालु गाई/भैसीमा अधिकतम रु १५,००,०००।-

फार्म यन्त्रीकरण सम्वन्धित कृयाकलापका लागि आवश्यक मेसिनरी औजारहरु :- मिल्किङ्ग मेसिन, मिल्कीङ्ग पार्लर, फोरेज/फडर व्लक मेसिन, यु.एम्.एम्.वि. मेसिन, विद्युतिय फिडर, मिल्क क्यान, साईलो पिट, डिप वोईल, डिप वोरिङ्ग, पास्चुराईजर, मिल्क एनालाईजर, चिलिङ्ग भ्याट आदि पर्दछन ।

ङ) प्रस्ताव आह्वान :- व्यक्तिगत रुपमा युवा कृषकले वा साझेदारीमा उन्नत गाई/भैसी फार्महरु साना, मझौला स्तर फार्म सुदृढिकरण वा ठूला व्यवसायीक फार्ममा यान्त्रीकरणका लागि स्थानीय पत्रिकामा सूचना प्रकाशित गरी रौतामाई गाउपालिका, पशु सेवा शाखामा पेश गर्ने गरी रौतामाई गाउपालिकावाट प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हनको सूचना अनुसूचि - १ बमोजिम स्थानीय स्तरको पत्रिकामा सम्वन्धित गाउपालिकाले प्रकाशन गर्नेछ । आवेदन एवं उपलव्ध गराउनु पर्ने कगजातहरु अनुसूचि - २ बमोजिम र कार्ययोजना अनुसूचि - ३ ( क ) बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

च) प्रस्ताव मूल्याङ्कन :-

१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन ऐ. ऐ. नियमावलि र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मूचुल्का वनाई नगरपालिकामा पेश गरिने छ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भीक छानविन, स्थलगत निरिक्षण तथा अनुसुचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको ३ सदस्यीय मूल्याङ्न समिति रहनेछ ।

मूल्याङकन समितिको वनौटः-

१) रौतामाई गाउपालिकाको आर्थिक समितिको संयोजक ....................संयोजक

२) रौतामाई गाउ पालिका, कृषि विकास शाखाको प्रमूख.......................सदस्य

३) रौतामाई गाउपालिका, पशु सेवा शाखाको प्रमूख............................सदस्य सचिव

४) अन्य आमन्त्रित विज्ञ तथा समितिले आवश्यक ठानेको प्रतिनिधि ज्यूहरु ।

छ) प्रस्तावहरुको स्वीकृतिः-

१) मूल्याङ्क समितिले अनुसूचि - ५ (क) बमोजिमको ढाचामा मूल्याङ्न गरी छनौट भएका प्रस्तवहरु स्वीकृति/अनुमोदनका लागि गाउपालिकामा पेश गर्नु पर्नेछ ।

२) स्वीकृति भएका प्रस्तवहरुलाई अनुसूचि - ४ (क) बमोजिम सम्झौता गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्न लगायत सम्पूर्ण कार्य गरी सम्पन्न कामको आधारमा अनुदानको लागि गाउपालिकाको कार्यालयमा विल भरपाई पेश गर्न लगाउने लगायतका दायित्व रौतामाई गाउपालिका, पशु सेवा शाखाको हुनेछ ।

## परिच्छेद - ३

५.युवा लक्षित व्यवसायीक बाखा प्रवर्द्धन कार्यक्रमः-

कार्यक्रम सञ्चालन प्रकृया देहाय वमोजिम हुनेछ :-

क) कार्यक्रम सञ्चालन हुने स्थानहरुः-रौतामाई गाउपालिका, पशु सेवा शाखा उदयपुरवाट सञ्चालन गरिने कार्यक्रमको लागि रौतामाई गाउपालिका, उदयपुरवाट बाखापालन गर्न छनौट भएका स्थानहरुमा स्वीकृत कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्नेछ ।

ख) कार्यक्रम सञ्चालन अवधिः- यो कार्यक्रम रौतामाई गाउपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुने

ग) व्यवसायीक फर्मको वर्गिकरणका आधारहरु :-

यस कार्यक्रम अन्तरगत व्यवसायीक बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छ :-

१) नीजि व्यवसायीक बाखा फार्म :-

यस कार्यक्रमको प्रयोजनका लागि न्यूनतम ३० वटा प्रजनन् योग्य माउ बाखापालन गरि रहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजि व्यवसायीक बाखा फार्म मानिनेछ

२) समूह वा समितिमा सञ्चालन हुने व्यवसायीक बाखापालन फार्म :-

कृषक समूह/समितिमा कम्तीमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसंग औषतमा १० वटा प्रजननयोग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तरगतका फार्महरुलाई व्यवसायीक मानिनेछ ।

३) सहकारीमा सञ्चालन हुने व्यवसायीक बाखापालन फार्म :- यस कार्यक्रमका कम्तीमा २५ जना सदस्यहरुले बाखापालन गरी रहेको वा सो सो संख्यामा कृषकहरुलेबाखापालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तीमा औषत १० माउ बाखा ( सहकारीमा कम्तीमा २५० माउ बाखा ) भएको फार्महरुलाई व्यवसायीक मानिने छ ।

घ) कार्यक्रमबाट उपलब्ध गराईने अनुदान सहयोग :-

१) नीजि व्यवसायीक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु.२,००,०००।- ( दुई लाख )

२) समूह/समितिमा व्यवसायीक बाखपालन फर्महरु स्थापना वा सुदृढिकरणका लागि वढीमा रु. ३,००,०००।- (तीन लाख) सम्म अनुदान उपलब्ध गराईने छ ।

३) सहकारीमा व्यवसायीक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु.५,००,०००।- ( पाँच लाख ) सम्म अनुदान उपलब्ध गराईने छ ।

ङ) अनुदान रकमको उपयोग :-
यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण/सुधार, जैविक सूरक्षाका लागि फेन्सिङ, डिपिङ्ग ट्याङ्क, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् वोका खरिद/कृ.ग.व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सकिनेछ । यो रकमवाट बाखाको दाना , औषधि, खनिज पदार्थ लगायतका खपतहुने सामाग्रीहरु खरिद गर्न भने पाईने छैन ।
च) कार्यक्रम सञ्चालन प्रकृया:-
१) प्रस्ताव आह्वान :- निजि फार्म समूह/समिति /सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यवसायीक बाखा फार्म स्थापना वा सुदृढिकरणका लागि रौतामाई गाउपालिकावाट स्थानीय पत्रिकामा प्रस्ताव आव्हान गरिनेछ । प्रस्ताव आव्हनको सूचना अनुसूचि - १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कर्य योजना प्रस्ताव क्रमशःअनुसूचि -२ र ३ (ख) बमोजिम हुनेछ ।

झ) प्रस्ताव मूल्याङ्कन :-
१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन ऐ. ऐ. नियमावलि र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मूचुल्का वनाई गाउँपालिकामा पेश गरिने छ ।
२) झ (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भीक छानविन, स्थलगत निरिक्षण तथा अनुसुचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको ३ सदस्यीय मूल्याङ्न समिति रहनेछ ।

मूल्याङकन समितिको वनौट:-

१) रौतामाई गाउपालिकाको आर्थिक समितिको संयोजक …………………संयोजक

२) रौतामाई गाउपालिका, कृषि विकास शाखाको प्रमूख……………………सदस्य

३) रौतामाई गाउपालिका, पशु सेवा शाखाको प्रमूख………………………सदस्य सचिव

४) अन्य आमन्त्रित विज्ञ तथा समितिले आवश्यक ठानेको प्रतिनिधि ज्यूहरु ।

ञ) मूल्याङ्नका आधारहरु :-

मूल्याङ्नका आधारहरु अनुसूचि - ५ (ख) मा उल्लेख भए अनुसार हुनेछन् ।

ट) प्रस्तावहरुको स्वीकृतिः-

१) मूल्याङ्क समितिले अनुसूचि - ५ (ख) बमोजिमको ढाचामा मूल्याङ्न गरी छनौट भएका प्रस्तवहरु स्वीकृति/अनुमोदनका लागि गाउपालिकामा पेश गर्नु पर्नेछ ।

२) स्वीकृति भएका प्रस्तवहरुलाई अनुसूचि - ४ (क) बमोजिम सम्झौता गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्न लगायत सम्पूर्ण कार्य गरी सम्पन्न कामको आधारमा अनुदानको लागि गाउपालिकाको कार्यालयमा विल भरपाई पेश गर्न लगाउने लगायतका दायित्व रौतामाई गाउपालिका, पशु सेवा शाखाको हुनेछ ।

## परिच्छेद - ४

६.युवा लक्षित व्यवसायीक बंगुर प्रवर्द्धन कार्यक्रमः-

कार्यक्रम सञ्चालन प्रकृया :-

क) कार्यक्रम सञ्चालन हुने स्थानहरुः-रौतामाई गाउपालिका, पशु सेवा शाखा उदयपुरवाट सञ्चालन गरिने कार्यक्रमको लागि रौतामाई गाउपालिका, उदयपुरवाट बंगुरपालन गर्न छनौट भएका स्थानहरुमा स्वीकृत कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्नेछ ।

ख) कार्यक्रम सञ्चालन अवधिः- यो कार्यक्रम रौतामाई गाउपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुने ।

ग) व्यवसायीक फर्मको वर्गिकरणका आधारहरु :-

यस कार्यक्रम अन्तरगत व्यवसायीक बंगुर फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छ :-

१) नीजि व्यवसायीक बंगुर फार्म :-

यस कार्यक्रमको प्रयोजनका लागि न्यूनतम ५ वटा प्रजनन् योग्य माउापालन गरि रहेका वा १५ वटा भन्दा बढी बंगुर पालन गर्नु पर्नेछ ।

२) समूह वा समितिमा सञ्चालन हुने व्यवसायीक बंगुरपालन फार्म :-

कृषक समूह/समितिमा कम्तीमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसंग औषतमा १ वटा प्रजननयोग्य माउ बंगुर भएको वा सो संख्यामा बंगुरापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तरगतका फार्महरुलाई व्यवसायीक मानिनेछ ।

३) सहकारीमा सञ्चालन हुने व्यवसायीक बंगुरपालन फार्म :-

यस कार्यक्रमका कम्तीमा २५ जना सदस्यहरुले बंगुरपालन गरी रहेको वा सो संख्यामा कृषकहरुले बंगुरपालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तीमा औषत १ माउ बंगुर ( सहकारीमा कम्तीमा २५ माउ बंगुर ) भएको फार्महरुलाई व्यवसायीक मानिने छ ।

घ) कार्यक्रमबाट उपलब्ध गराईने अनुदान सहयोग :-

१) नीजि व्यवसायीक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु.२,००,०००।- ( दुई लाख )

२) समूह/समितिमा व्यवसायीक बंगुरपालन फर्महरु स्थापना वा सुदृढिकरणका लागि वढीमा रु. ३,००,०००।- (तीन लाख) सम्म अनुदान उपलब्ध गराईने छ ।

३) सहकारीमा व्यवसायीक बंगुरपालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु.४,००,०००।- ( चार लाख ) सम्म अनुदान उपलब्ध गराईने छ ।

ङ) अनुदान रकमको उपयोग :-

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बंगुरको खोर निर्माण/सुधार, जैविक सूरक्षाका लागि फेन्सिङ, प्रजनन् विर खरिद वा आवश्यक उपकरण-ग्रेन्डर, मिक्चर आदि खरिदमा उपयोग गर्न सकिनेछ ।

च) कार्यक्रम सञ्चालन प्रकृया:-

१) प्रस्ताव आह्वान :- निजि फार्म समूह/समिति /सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यवसायीक बंगुर फार्म स्थापना वा सुदृढिकरणका लागि रौतामाई गाउपालिकावाट स्थानीय पत्रिकामा प्रस्ताव आव्हान गरिनेछ । प्रस्ताव आव्हनको सूचना अनुसूचि - १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कर्य योजना प्रस्ताव क्रमशःअनुसूचि -२ र ३ (ग) बमोजिम हुनेछ ।

झ) प्रस्ताव मूल्याङ्कन :-

१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन ऐ. ऐ. नियमावलि र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मूचुल्का वनाई नगरपालिकामा पेश गरिने छ ।

२) झ (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भीक छानविन, स्थलगत निरिक्षण तथा अनुसुचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको ३ सदस्यीय मूल्याङ्न समिति रहनेछ ।

मूल्याङकन समितिको वनौट:-

१) रौतामाई गाउपालिकाको आर्थिक समितिको संयोजक …………………संयोजक

२) रौतामाई गाउपालिका, कृषि विकास शाखाको प्रमूख……………………सदस्य

३) रौतामाई गाउपालिका, पशु सेवा शाखाको प्रमूख…………………………सदस्य सचिव

४) अन्य आमन्त्रित विज्ञ तथा समितिले आवश्यक ठानेको प्रतिनिधि ज्यूहरु ।

ञ) मूल्याङ्नका आधारहरु :-
मूल्याङ्नका आधारहरु अनुसूचि - ५ (ख) मा उल्लेख भए अनुसार हुनेछन् ।
प्रस्तावहरुको स्वीकृति:-

१) मूल्याङ्क समितिले अनुसूचि - ५ (ग) बमोजिमको ढाचामा मूल्याङ्न गरी छनौट भएका प्रस्तवहरु स्वीकृति/अनुमोदनका लागि नगरवोर्डमा पेश गर्नु पर्नेछ ।

२) स्वीकृति भएका प्रस्तवहरुलाई अनुसूचि - ४ (क) बमोजिम सम्झौता गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्न लगायत सम्पूर्ण कार्य गरी सम्पन्न कामको आधारमा अनुदानको लागि गाउपालिकाको कार्यालयमा विल भरपाई पेश गर्न लगाउने लगायतका दायित्व उदयपुर गढि गाउपालिका, पशु सेवा शाखाको हुनेछ ।

## परिच्छेद - ५

७).युवा लक्षित पशुपंक्षी वजार प्रबर्द्धन कार्याक्रम सञ्चालन कार्यविधि २०७४

कार्याक्रम सञ्चालन प्रकृयाः-

क) रौतामाई गाउपालिकाबाट स्वीकृत बार्षिक कार्यक्रम कार्यन्वयनको लागि स्थानीय स्तरको पत्रिकामा पशुजन्य उत्पादनहरुको बजार प्रवर्द्धन गर्न १५ दिनको सूचना प्रकाशन गरी तपशिल बमोजिमको कृयाकलाप सञ्चालनको लागि प्रस्ताव माग गरिनेछ ।

तपशिलः-

१) चिलिङ्ग भ्याट स्थापना तथा सञ्चालन

२) डेरी पसल निर्माण सूधार

३) मासु पसल निर्माण सूधार

४) छाला संकलन

५) स्थानीय स्तरमा जुत्ता तथा छालाका सामाग्रीहरु उत्पादन

६) स्थानीय स्तरमा भेडाको ऊन प्रसोधन तथा सामाग्रीहरु उत्पादन

७) विविध पशुजन्य उत्पादनहरको बजारीकरण सम्वन्धि कार्यक्रमहरु

ख) सूचना प्रकाशन भए पश्चात ईच्छुक बेरोजगार युवाहरुले अनुसूचि-२ अनुसाको निवेदन अनुसूचि -३ (घ) बमोजिम व्यवसायीक प्रस्ताव रौतामाई गाउपालिका,पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसूचि-२ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुन पर्नेछ ।

घ) स्वीकृत वार्षिक कार्यक्रम कार्यक्रम वजेटमा उल्लेखित लक्षको आधारमा सार्वजनिक निजि साझेदारीमा अनुदान वितरण गरिने छ ।

ङ) प्राप्त हुन आएका प्रस्तावहरु अनुसूचि -५ (घ) को आधारमा छनौट र स्वीकृत गरिनेछ ।

च) प्रस्ताव स्वीकृत भए पश्चात प्रस्तावकसंग अनुसूचि - ४ (क) अनुसार द्विपक्षिय संझौता गरिनेछ ।

छ) कार्य प्रगति र सम्वन्धित कार्यक्रमको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम उपलव्ध गराईने छ । अनुदान दिन किस्ता वन्धि गरी दिन आवश्यक भए किस्ता बन्दीको रुपमा दिन कुनै वाधा पर्ने छैन ।

ज) छनौट विधिः-

१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन ऐ. ऐ. नियमावलि र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मूचुल्का वनाई नगरपालिकामा पेश गरिने छ ।

२) प्राप्त प्रस्तावहरुको प्रारम्भीक छानविन, स्थलगत निरिक्षण तथा अनुसुचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको ३ सदस्यीय मूल्याङ्न समिति रहनेछ ।

मूल्याङकन समितिको वनौटः-

१) रौतामाई गाउपालिकाको आर्थिक समितिको संयोजक …………………संयोजक

२) रौतामाई गाउपालिका, कृषि विकास शाखाको प्रमूख……………………सदस्य

३) रौतामाई गाउपालिका, पशु सेवा शाखाको प्रमूख………………………सदस्य सचिव

४) अन्य आमन्त्रित विज्ञ तथा समितिले आवश्यक ठानेको प्रतिनिधि ज्यूहरु ।

झ) मूल्याङ्नका आधारहरु :-

मूल्याङ्नका आधारहरु अनुसूचि - ५ (घ) मा उल्लेख भए अनुसार हुनेछन् ।

ञ) प्रस्तावहरुको स्वीकृतिः-

१) मूल्याङ्क समितिले अनुसूचि - ५ (घ) बमोजिमको ढाचामा मूल्याङ्न गरी छनौट भएका प्रस्तवहरु स्वीकृति/अनुमोदनका लागि गाउबिकाश वोर्डमा पेश गर्नु पर्नेछ ।

२) स्वीकृति भएका प्रस्तवहरुलाई अनुसूचि - ४ (ख) बमोजिम सम्झौता गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्न लगायत सम्पूर्ण कार्य गरी सम्पन्न कामको आधारमा अनुदानको लागि गाउपालिकाको कार्यालयमा विल भरपाई पेश गर्न लगाउने लगायतका दायित्व रौतामाई गाउपालिका, पशु सेवा शाखाको हुनेछ ।

विविधः-

८) रौतामाई गाउपालिकाले सञ्चालन गर्ने अन्य पशु पालन व्यवसाय कार्यक्रम अन्तरगत साना व्यवसायहरुको हकमा स्वीकृत कार्यक्रमको वजेट भित्र रही पूजीगत खर्च शिर्शकहरुमा भएको खर्चको बढीमा ५० प्रतिशतले हुन आउने रकम अनुदानको रुपमा उपलव्ध गराईने छ ।

९) व्यवसाय तथा पशु पंक्षी दर्ता शुल्क गाउँपालिकाले तोके वमोजिम हुनेछ । गाउँपालिकाको तोक्न वाँकी दस्तुर वा सेवा शुल्क प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१०) अनुगमन तथा मूल्याङ्नः-

पशु सेवा शाखाको सहयोगमा रौतामाई गाउपालिकाले सम्पूर्ण कार्यक्रमको अनुगमन तथा मूल्याङ्न गर्नेछ ।

११) कार्यबाहीको व्यवस्था :-
प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम/परियोजना सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरे प्राप्त अनुदानलाई दुरुपयोग गरेको प्रमाणित भएमा गाउपालिकाको प्रचलित ऐन नियम कानून वमोजिम कार्यवाही गरी सरकारी रकम अशुल उपर गरिने छ ।
१२) प्रचलित कानून लागु हुने :-

सम्पूर्ण कार्यक्रम कार्यान्वयन सम्वन्धमा यस कार्य विधिमा उल्लेख भए बमोजिम तथा उल्लेख नभएकोमा हकमा प्रचलित उेन कानून बमोजिम कार्यन्वयन हुनेछ ।

१३) कार्य विधि सम्सोधन तथा परिमार्जनः-
रौतामाई गाउपालिकाले यस कार्य विधिमा समयानुकुल आवश्यक परिमार्जन एवं सम्सोधन गर्न सक्नेछ ।
१४) विमाः- हरेक अनुदान प्राप्त गर्ने कार्यक्रममा पशुहरुको वीमा अनिवार्य हुनेछ ।

१५) खारेजी तथा वचाउः- यो कार्य विधि २०७४ बमोजिम कार्यक्रमहरु सञ्चालन भएको मानिने छ ।

अनुसुचि - १

पशु उत्पादन ( गाई/भैसी पालन, बाखा पालन, बंगुर पालन, पशुपंक्षी वजार प्रवर्द्दन ) कार्यक्रमको प्रस्ताव आव्हनको सूचनाको ढाँचा

रौतामाई गाउपालिका, पशु सेवा शाखा, उदयपुर, प्रदेश नं.- १

कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हन सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७४/....../......

यस कार्यालयको आ.व.२०७४/०७५ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन ( गाई/भैसीपालन, बंगुर पालन, बाखा पालन र पशु पंक्षी बजार प्रवर्द्धन - मासु पसल स्थापना तथा सञ्चालन, डेरी पसल स्थापना तथा सञ्चालन आदि ) सम्वन्धित कार्यक्रमको माध्यमबाट पशु पालन व्यवसायको व्यवसायीकरण तथा स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदा ईच्छुक १८ देखि ५० वर्ष उमेरका कृषक व्यवसायी तथा अर्ध-बेरोजगार/बेरोजगार युवाहरुवाट दरर्खास्थ आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावक व्यवसायी/युवा वा फार्महरुले यही कार्यक्रम अन्तरगत सरकारी निकायवाट विगत २ आर्थिक वर्षसम्म नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए छनौट प्रकृयामा समावेश हुने छैनन्। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २० दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु पर्नेछ। पुनश्चः आवेदनसाथ तपशिल अनुसारका कागजातहरु सम्लग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपशिलः-

१) अनुसूचि-२ अनुसारको आवेदन फारम

२) अनुसूचि-३ अनुसारको सम्क्षीप्त कार्य योजना

३) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

४) घाँस खेति गर्ने जग्गाको धनी प्रमााण-पूर्जाको प्रतिलिपि वा आफ्नो नाममा जग्गा नभए कम्तीमा ५ वर्ष भोगाधिकारको लागि करारमा लिएको जग्गाको करार सम्झौता सहित उक्त जग्गा धनी प्रमााण-पूर्जाको प्रतिलिपि

५) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि

६) व्यवसायसंग सम्वन्धि तालीम भए सो को प्रतिलिपि

७) व्यवसाय दर्ता भए दर्ता, नविकरणको प्रतिलिपि

८) परियोजना कार्यान्वयन गर्ने प्रतिवद्धता।

९) पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण

## अनुसूचि - २

पशु उत्पादन ( गाई/भैसीपालन, बंगुर पालन, बाखा पालन, पशु पंक्षी वजार प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन पत्र

श्रीमान् प्रमुख ज्यू

रौतामाई गाउपालिका, पशु सेवा शाखा,

उदयपुर, प्रदेश नं.- १

विषयः-अनुदान सहयोग कार्यक्रम उपलव्ध गराई दिने वारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......................................................कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसारको कागजात राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कामकाज गर्नेछु ।

पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदनसाथ सम्लग्न छन् ।

तपशिलः-

- अनुसूचि - ३ अनुसारको सम्क्षिप्त कार्य योजना ।
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
- फर्म दर्ता भए सो को प्रतिलिपि नभए अनुदान लिनु पूर्व दर्ता गरिसक्ने प्रतिवद्धताको पत्र ।
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
- सम्वन्धित विषयमा तालीम भए सो को प्रतिलिपि
- घाँस खेति गरिने जग्गा धनि प्रमाण-पत्र वा नभए भाडामा लिएको प्रमाण-पत्र ।
- परियोजना कार्यान्वयन गर्ने प्रतिवद्धता ।
- पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण

निवेदकको नामः-

दस्तखतः-

सस्थाको नामः-

ठेगानाः-

मितिः-

## अनुसूचि - ३ (क)

### कार्यक्रमको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ( गाई/भैसीपालन )

व्यक्ति/फार्मको नामः- सम्पर्क नं.:-

ठेगानाः-

व्यवसाय सञ्चालन गरिने स्थानः-

सञ्चालन गरिने कृयाकलाप तथा लागत साझेदारीः-

| क्र.सं. | सञ्चालन गरिने कृयाकलाप | अपेक्षित अनुदान सहयोग रु. | नीजि लगानी रु. | जम्मा लगानी रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

हालको अवस्थाः-

पाली राखेको गाई/भैसीको जातः-

संख्याः-

क) दुहुना माऊ :-

ख) थारा माऊ :-

ग) पाडा/पाडी, बाछा/बाछी :-

घ) कोरली बाछा/पाडा :-

ङ) साँढे गोरु/राँगा :-

- घाँस खेति सम्वन्धि विवरण :-
- उन्नत लगाएको घाँसको जातः-
- घाँस खेति गरिएको जग्गाको क्षेत्रफलः-

- घाँस खेति विस्तारको लागि उपलव्ध जमिनः-

  क) सिंचित.............रोपनी

  ख) असिंचित...........रोपनी

- परल उत्पादन मे.ट.(अनुमानित)
- प्रति दुहुना पशु दाना खुवाउने दरः- ................के.जी.
- दानाको श्रोतः-
- वार्षिक हरियो घाँस खुवाउन पुग्ने अवधिः- दिन ।
- घरमा उपलव्ध श्रम शक्ति

  क) महिला..................जवान

  ख) पुरुष.....................जवान

- उत्पादीत बस्तुको वजार...........
- दैनिक दुध उत्पादन .........लिटर
- वार्षिक आम्दानी रु......................

गोठको अवस्थाः-

गोठको किसिम र क्षमता (गोठमा राख्न सकिने संख्या) :-

मल खाडी भए नभएको :-

पालन गर्ने तरिका ( चिन्ह लगाउने) :-

- बधुवाः-
- खुल्लाः-
- दुवैः-

उपचारको लागि सहयोग लिने स्थान र प्राविधिकको :-

आवेदकः-

नामः-

दस्तखतः-

पदः-

कार्यालय/संस्थाको छापः-

मितिः-

## अनुसूचि - ३ (ख)

कार्यक्रमको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ( बाखापालन )

व्यक्ति/फार्मको नामः- सम्पर्क नं.ः-

ठेगानाः-

व्यवसाय सञ्चालन गरिने स्थानः-

१) व्यवसायको परिचयः-

२) उद्देश्यः-

३) बाखापालन व्यवसायमा अनुभव

४) व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः-

५) व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः-

६) सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः-

सञ्चालन गरिने कृयाकलाप तथा लागत साझेदारीः-

| क.सं. | सञ्चालन गरिने कृयाकलाप | अपेक्षित अनुदान सहयोग रु. | नीजि लगानी रु. | जम्मा लगानी रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७) उत्पादीत बस्तुको बजार योजनाः-

८) अपेक्षित बार्षिक प्रतिफलः-

हालको अवस्थाः-

पाली राखेको खसी/बाखाको जातः-

संख्याः-

क) माऊ :-

ख) थारा माऊ :-

ग) पाठा/पाठी :-

घ) कोरली पाठी :-

ङ) बोका :-

च) खसीः-

- घाँस खेति सम्वन्धि विवरण :-
  उन्नत लगाएको घाँसको जातः-
  घाँस खेति गरिएको जग्गाको क्षेत्रफलः-
  घाँस खेति विस्तारको लागि उपलव्ध जमिनः-

  क) सिंचित.............रोपनी

  ख) असिंचित...........रोपनी

- घरमा उपलव्ध श्रम शक्ति

  क) महिला..................जवान

  ख) पुरुष.....................जवान

- उत्पादीत बस्तुको वजार...........
- वार्षिक आम्दानी रु. (खसी,बोका, पाठा/पाठी विक्रीबाट) .......................

गोठको अवस्थाः-
गोठको किसिम र क्षमता (गोठमा राख्न सकिने संख्या) :-
मल खाडी भए नभएको :-
पालन गर्ने तरिका ( चिन्ह लगाउने) :-

- बधुवाः-
- खुल्लाः-
- दुवैः-

उपचारको लागि सहयोग लिने स्थान र प्राविधिकको :-

आवेदकः-

नामः-

दस्तखतः-

पदः-

कार्यालय/संस्थाको छापः-

मितिः-

## अनुसूचि - ३ (ग)

कार्यक्रमको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ( बंगुरपालन )

व्यक्ति/फार्मको नामः- सम्पर्क नं.:-

ठेगानाः-

व्यवसाय सञ्चालन गरिने स्थानः-

सञ्चालन गरिने कृयाकलाप तथा लागत साझेदारीः-

| क्र.सं. | सञ्चालन गरिने कृयाकलाप | अपेक्षित अनुदान सहयोग रु. | नीजि लगानी रु. | जम्मा लगानी रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

हालको अवस्थाः-

पाली राखेको बंगुरको जातः-

संख्याः-

क) माऊ :-

ख) थारा माऊ :-

ग) पाठा/पाठी :-

घ) बिर :-

- प्रति माउ/प्रति बेतबच्चा उत्पादन दरः- .................संख्या.
- घरमा उपलब्ध श्रम शक्ति

क) महिला...................जवान

ख) पुरुष.....................जवान

- उत्पादीत बस्तुको वजार............
- वार्षिक आम्दानी (बच्चा विक्रीबाट) रु.......................

गोठको अवस्थाः-

गोठको किसिम र क्षमता (गोठमा राख्न सकिने संख्या) :-

मल खाडी भए नभएको :-

पालन गर्ने तरिका ( चिन्ह लगाउने) :-

- बधुवाः-
- खुल्लाः-
- दुवैः-

दानाको श्रोत वा व्यवस्थाः-

उपचारको लागि सहयोग लिने स्थान र प्राविधिकको :-

आवेदकः-

नामः-

दस्तखतः-

पदः-

कार्यालय/संस्थाको छापः-

मितिः-

## अनुसूचि - ३ (घ)

कार्यक्रमको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना ( पशुपंक्षी वजार प्रवर्द्धन)

व्यक्ति/फार्मको नामः- सम्पर्क नं.:-

ठेगानाः-

व्यवसाय सञ्चालन गरिने स्थानः-

प्रस्तावकको फार्म भए दर्ता नं. :-

दर्ता भएको कार्यालय र दर्ता मितिः-

भ्याट/पान दर्ता नं.:-

शैक्षिक योग्यताः-

तालीमको किसिम र अवधिः-

प्रस्तावित कार्यक्रमको उद्देश्यः-

प्रस्तावित कार्यक्रमबाट हासिल हुने उपलब्धीहरुः-

प्रस्तावित योजना कार्यन्वयन गर्न विद्यमान भौतिक पूर्वाधारहरुः-

सडकः- छ/छैन नजिकको वजारको नाम

सडकः- कच्चि/पक्की सडकसम्म दुरी

पानीको व्यवस्था

प्रतक्ष लाभान्वीत संख्या

लक्षित समूदाय तथा परवार संख्या

सञ्चालन गर्ने कार्यक्रमहरु तथा लागत साझेदारीः-

| क्र.सं. | सञ्चालन गरिने कृयाकलाप | अपेक्षित अनुदान सहयोग रु. | नीजि लगानी रु. | जम्मा लगानी रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

योजनाका उपलब्धीहरुः-

आवेदकः-

नामः-

दस्तखतः-

पदः-

कार्यालय/संस्थाको छापः-

मितिः-

अनुसूचि - ४ (क)

पशु उत्पादन ( गाई/भैसीपालन, बंगुर पालन, बाखा पालन, पशु पंक्षी वजार प्रवर्द्धन ) उद्यमी तथा युवा लक्षित कार्यक्रम सञ्चालनका लागि गरिने सम्झौता - पत्र

रौतामाई गा.पा.को स्वीकृत ............................................................................................कार्यक्रम सञ्चालन आधारमा छनौट भएका युवा कृषक श्री................................................................ ( यस भन्दा पछाडी दोश्रो पक्ष भनिने ) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

तपशिलः-

१) पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार सोझै चेक रकम अनुदान स्वरुप उपलव्ध गराउने छ ।

२) दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफुले आवेदन गरे अनुसारको

.............................................................व्यवसाय सञ्चालन गर्नेछ ।

३) पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्दैछन् ।

४) गाई/भैसी, बंगुर, बाखा पालन गर्ने व्यवसायीक कृषकहरुले पशु विमा अनिवार्य गर्नु पर्नेछ ।

५) यस सम्झौतामा उल्लेखित काम दर्गा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जीम्मेवार हुनेछैन ।

६) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमाजिम हुनेछ ।

| साझेदारी फार्मको संचालक तर्फबाट सहि गर्ने | कार्यालय तर्फवाट दस्तखत गर्ने |
|---|---|
| नामः- | नामः- |
| दस्तखतः- | दस्तखतः- |
| पदः- | पदः- |
| संस्थाको छापः- | कार्यालयको छापः- |
| मितिः- | मितिः- |

अनुसूचि - ४ (ख)

पशु उत्पादन ( गाई/भैसीपालन, बंगुर पालन, बाखा पालन, पशु पंक्षी वजार प्रवर्द्धन ) उद्यमी तथा युवा लक्षित कार्यक्रम सञ्चालनका लागि गरिने सम्झौता - पत्र

रौतामाई गाउँपालिका, पशु सेवा शाखा, उदयपुर, प्रदेश नं.-१ मार्फत सञ्चालन गरिने चालु आ.व.२०७४/७५ को स्वीकृत ..........................................................................................कार्यक्रम सञ्चालन गर्न रौतामाई गाउँपालिका, पशु सेवा शाखा, उदयपुर ( यस भन्दा पछाडी पहिलो पक्ष भनिने ) , विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री.................................................................... ( यस भन्दा पछाडी दोश्रो पक्ष भनिने ) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

तपशिलः-

१) प्रस्तावित...................................................................कार्यक्रम उदयपुर जिल्ला रौतामाई गाउँपालिका ...............................वडा...........................टोलमा मिति............................................सम्ममा सम्पन्न गरिनेछ ।

२) पहिलो पक्षले शुरुमा कार्यक्रम सञ्चालानर्थ स्वीकृत कार्यक्रम अनुसार स्वलगानीमा ५० प्रतिशत कार्य सम्पन्न गरे पाश्चात पहिलो किस्ता वापतको ५० प्रतिशत रकम भुक्तानीको लागि विल भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता वापतको रकम भुक्तानी दिनेछ र दोश्रो किस्ता वापतको बाँकी ५० प्रतिशत रकम कार्य सम्पन्न पाश्चात भुक्तानी दिने छ वा कार्य सम्पन्न भए पाश्चात आवश्यक कागजातहरु पेश गरी एकमूस्ठ भूक्तानी दिन सकिनेछ ।

३) कार्यक्रम सम्पन्न भए पाश्चात रौतामाई गाउँपालिकाको नियमानुसार व्वसाय दर्ता गरी प्रमाण-पत्र लिने, मूल्य अभिवृद्धिकर (भ्याट) दर्ता प्रमाण-पत्र वा स्थायी लेखा नं.(पान) प्रमाण-पत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्नेछ ।

४) प्रस्तावित योजना सम्पन्न भए पाश्चात मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जीम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुनेछ ।

५) प्रस्तावित कार्यक्रम स्थल ५ वर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन । तथापी काबु बाहिरको अवस्थामा स्थान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृत अनिवार्य रुपमा लिनु पर्नेछ ।

६) दोश्रो पक्षले कारणवस प्रस्तावित कार्यक्रम वन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकमवाट खरिद गरिएको उपकरण फिर्ता लिन सक्नेछ ।

७) प्रस्तावित कार्यक्रम सञ्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित वोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

८) दोश्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ ।

९) सम्झौता मुताविकको कार्य नभएमा वा उपलव्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुन सुकै समयमा एक तर्फि रुपमा सम्र्झाता भङ्ग गरी दोश्रो पक्षवाट दुरुपयोग भए वरावरको रकम सरकारी बाँकी सरह अशुल उपर गर्न सक्नेछ ।

१०) प्रथम पक्षको तर्फवाट कुनै पनि समयमा हुने कार्यक्रमको निरिक्षण ⁄अनुगमन, तालीम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हो ।

११) सम्झौतामा उल्लेख हुन छुटेका विषयका हकमा प्रचलित नियम कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

नोटः- सम्झौताका बुदाहरु आवश्यकता अनुसार थप घट वा परिमार्जन गर्न सकिने छ ।

| साझेदारी फार्मको संचालक तर्फबाट सहि गर्ने | कार्यालय तर्फवाट दस्तखत गर्ने |
|---|---|
| नामः- | नामः- |
| दस्तखतः- | दस्तखतः- |
| पदः- | पदः- |
| संस्थाको छापः- | कार्यालयको छापः- |
| मितिः- | मितिः- |

अनुसूचि - ५ ( क )

गाई/भैसीपालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरुः-

| क्र.सं. | द.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१०) | अनुभव/ तालीम (१०) | पाली राखेको गाई/ भैसीको संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षे.फ. (१५) | शैक्षिक योग्यताको (१० ) | जैविक तथा पर्यावरणीय सूरक्षा विधि (१०) | कूल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मूल्याङ्न समितिका पदाधिकारीहरुकोः

नामः- पदः- दस्तखतः- मितिः-

१)

२)

३)

अनुसूचि - ५ ( ख )

बाखापालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्नका आधारहरुः-

| क.सं. | द.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित कार्य योजना (२०) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१५) | अनुभव/ तालीम (१०) | पाली राखेको बाखाको संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षे.फ. (१५) | शैक्षिक योग्यताको (१० ) | जैविक तथा पर्यावरणीय सूरक्षा विधि (१०) | कूल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मूल्याङ्न समितिका पदाधिकारीहरुकोः

नामः-　　　　पदः-　　　　दस्तखतः-　　　　मितिः-

१)
२)

३)

अनुसूचि - ५ ( ग )

बंगुरपालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्नका आधारहरुः-

| क.सं. | द.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२०) | अनुभव/ तालीम (१५) | पाली राखेको बंगुरको संख्या (२०) | शैक्षिक योग्यताको (१० ) | जैविक तथा पर्यावरणीय सूरक्षा विधि (१०) | कूल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्याङ्न समितिका पदाधिकारीहरुको:

नामः- पदः- दस्तखतः- मितिः-

१)

२)

३)

अनुसूचि - ५ ( घ )

पशु पंक्षी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरुः-

| क.सं. | द.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२०) | सम्वन्धित विषयमा अनुभव/ तालीम (१५) | प्रतक्ष लाभान्वीत परिवार संख्या (२०) | शैक्षिक योग्यताको (१० ) | जैविक तथा पर्यावरणीय सूरक्षा विधि (१०) | कूल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्याङ्न समितिका पदाधिकारीहरुको:

नामः- पदः- दस्तखतः- मितिः-

१)

२)

३)